# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

**भद्रकाली प्लाजा, काठमाडौं**

## स्थलमार्गबाट खाद्यवस्तु ढुवानी सम्बन्धी सम्झौता गर्न आउने बारे सूचना

**प्रकाशित मिति २०७९/११/२९**

यस कम्पनीबाट आर्थिक वर्ष २०७९/०८० मा स्थलमार्गबाट खाद्यवस्तु ढुवानीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी मिति २०७९/१०/११ गते तेस्रो पटक सूचना प्रकाशित गरिएकोमा तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही जम्मा १८ वटा ढुवानी सेक्टरका बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना मिति २०७९/११/२० गते प्रकाशित गरिएकोमा तोकिएको म्यादभित्र दावि विरोधको निवेदन नपरेको हुँदा १८ वटा सेक्टरका बोलपत्रहरु स्वीकृत गरी सम्बन्धित बोलपत्रदाताहरुसँग सूचना प्रकाशित भएको मिति देखि १५(पन्ध्र) दिन भित्र ढुवानी सम्झौता गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ३ र ४ बमोजिम नियमानुसार कार्यसम्पादन जमानत लिई वा नगद धरौटी दाखिला गरी सम्बन्धित कार्यालयमा उपस्थित भई ढुवानी सम्झौता गर्नु हुन सम्बन्धित बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। तोकिएको म्यादभित्र ढुवानी सम्झौता नगरेमा प्रचलित ऐन, नियम बमोजिम कारवाही हुने साथै **खाद्यान्न ढुवानी सेक्टर, स्वीकृत बोलपत्रदाताको नाम, ठेगाना, कबोल दर** आदि बारे विस्तृत जानकारी मिति २०७९/११/२० गते यस कम्पनिको **Website:www.fmtc.org.np** मा तथा यस कम्पनीको कार्यालयहरुको सूचना पाटिमा टाँस गरिएको व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**खरिद बिभाग (एकाई), प्रधान कार्यालय,काठमाडौं,फोन नं.०१-४२५५८६५, website:www.fmtc.org.np**